गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
**कुश्मा ,पर्वत, नेपाल**

*प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत*

# जनस्वास्थ्य बुलेटिन

**वर्ष :३ अंक :२३ महिना :२३ पौष २०८२**

## खोप सेवामा संग्लन स्वास्थ्यकर्मीहरुलाई नियमित खोप खोप सेवा तथा सरसफाई प्रवर्द्धन सम्बन्धी ज्ञान,शिप, तथा दक्षता अभिवृद्धि गर्न २ दिने पुनर्ताजगी तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश जनस्वास्थ्य कार्यालय कुस्मा पर्वतको आयोजनामा मिति २०८२/०९/११ र १२ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको तालिम हलमा खोप सेवामा संग्लन स्वास्थ्यकर्मीहरुलाई नियमित खोप खोप सेवा तथा सरसफाई प्रवर्द्धन सम्बन्धी ज्ञान,शिप, तथा दक्षता अभिवृद्धि गर्न २ दिने पुनर्ताजगी तालिम सञ्चालन गरियो । उक्त तालिमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख श्री बद्रिराज आचार्य ज्यूले गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन प्रदेश जनस्वास्थ्य कार्यालयका परिवार नियोजन सुपर भाईजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो । उक्त तालिममा पर्वत जिल्लाका सातै स्थानीय तह अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत ३२ जना र प्रदेश अस्पताल कुश्मामा कार्यरत २ जना स्वास्थ्यकर्मी गरी ३४ जना स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो ।

## हार्दिक स्वागत तथा सफल कार्यकालको शुभकामना



नव–नियुक्त विद्यालय स्वास्थ्य नर्स साबिता खत्री ज्यूलाई हार्दिक स्वागत तथा सफल कार्यकालको शुभकामना!

पशुपति माध्यमिक विद्यालय, मोदी–७, राम्जामा तपाईंको सेवा उत्कृष्ट र प्रभावकारी रहोस् भनी शुभकामना ब्यक्त गर्दछौ ।

dhoparbat44@gmail.com hoparbat.gandaki.gov.np 067-420119

## प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा तथा मोदी गाउँपालिका र प्रदेश अस्पताल कुश्माको समन्वयमा प्रसूति सेवा प्रदायकहरूका लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धी On-site Coaching मेन्टोरिङ कार्यक्रम मिति २०८२ पौष २–४ गते राम्जा तिलाहार स्वास्थ्य चौकीमा पहिलो ब्याच र पौष १०–१२ गते प्रदेश अस्पताल कुश्मामा दोस्रो ब्याच सञ्चालन भएको थियो। पहिलो व्याच को अध्यक्षता स्वा.सं.व्यवस्थापन समिति का अध्यक्षज्यू ले तथा दोस्रो व्याचको अध्यक्षता कार्यालय प्रमुख श्री बद्रिराज आचार्यज्यू ले गर्नु भएको थियो । On-site Coaching मा सहभागी सेवा प्रदायकहरूलाई प्रदेश अस्पतालका वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक सरस्वती बराल, अस्पताल नर्सिङ निरीक्षक शोभा श्रेष्ठ तथा सविता लम्साल ज्यूहरूले मेन्टरिङ गर्नु भएको थियो भने सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका पब्लिक हेल्थ नर्सिङ निरीक्षक सुमन शर्मा तथा मोदी गाउँपालिका स्वास्थ्य शाखाकी स्टाफ नर्स सुस्मिता शर्माले गर्नु भएको थियो। यस कार्यक्रममा Respectful Maternity care, Labour care guide, Non pneumatic Antishock garments,सामान्य प्रसूति, प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन, Pre-eclampsia / Eclampsia को व्यवस्थापन, Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention जस्ता विषयमा ज्ञान् सिपको बिकास गरिएको थियो । Onsite coaching को तेश्रो दिन गुणस्तर सुधार अनुगमन (QIP) गरी सुधारको लागि व्यवस्थापन समिति सगं बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो ।



## बर्थिंग सेन्टर, BEONC तथा CEONC साईटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृदि कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतको आयोजनामा वर्थींङ सेन्टर, BEONC तथा CEONC साईटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृदि (ANC TO PNC Continuum of Care, Pregnancy Registration and tracking app, MPDSR) कार्यक्रमको दोश्रो व्याच प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको कार्यालय प्रमुख बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। बर्थिङ सेन्टर, BEONC तथा CEONC साइटमा कार्यरत स्वास्थ्यकर्मीहरुको ANC to PNC Continuum of Care सम्बन्धि क्षमता अभिवृद्धि गर्ने उदेश्यले कार्यक्रम संचालन गरिएको छ। कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल कुश्माका एम.डि.जि.पि डा. मिलन अवाले, प्रदेश अस्पताल कुश्माका वरिष्ठ अस्पताल नर्सिङ निरिक्षक सरस्वती वराल र प्रदेश जनस्वास्थ्य कार्यालयका प.हे.न.नि सुमन शर्माले गर्नु भएको थियो । कार्यक्रममा मातृ तथा नवशिशुको वर्तमान अवस्था, ANC TO PNC continuum of care, pregnancy registration and tracking Application, Infection Prevention, labour care guide, EHMIS र अभिलेख प्रतिवेदन को विषयवस्तु जोडि प्रशिक्षण गरिएको थियो। स्थानिय तहका बर्थीङ सेन्टर, नन वर्थीङ सेन्टर र प्रदेश अस्पताल कुश्माका कार्यरत नर्सिङ कर्मचारीहरु सहित २६ जनाको उपस्थिति रहेको थियो ।






# नियमित खोप सेवा तथा सरसफाइ प्रवर्द्धन सम्बन्धी समीक्षा एवं सूक्ष्म योजना अध्यावधिक तालिम


प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आ.व. २०८२/८३ का वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश जनस्वास्थ्य कार्यालय कुस्मा, पर्वतको आयोजनामा मिति २०८२/०९/१३—१४, १७—१८ र २१—२२ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको तालिम हलमा नियमित खोप सेवा तथा सरसफाइ प्रवर्द्धन सम्बन्धी समीक्षा एवं सूक्ष्म योजना अध्यावधिक तालिम (प्रथम, दोस्रो र तेस्रो ब्याच) सञ्चालन गरियो। प्रथम ब्याचको तालिम जिल्ला समन्वय समिति पर्वतका उपप्रमुख श्री सोम बहादुर जिसी ज्यूको अध्यक्षतामा तथा दोस्रो र तेस्रो ब्याचको तालिम प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यालय प्रमुख श्री बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सम्पन्न भयो। तालिम कार्यक्रमको सञ्चालन प्रदेश जनस्वास्थ्य कार्यालयका परिवार नियोजन सुपरभाइजर/निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो। उक्त २ दिने तालिममा तालिममा पर्वत जिल्लाका सबै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, खोप फोकल पर्सन, पालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुख तथा प्रदेश अस्पतालका स्वास्थ्यकर्मीहरू गरी जम्मा ७७ जनाको सक्रिय सहभागिता रहेको थियो।



## "हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा" सन्दर्भ सामग्री

यस पौष महिना मा हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा सम्बन्धी २ वटा शिर्षकहरुका सन्दर्भ सामग्री हरु विकास गरी स्वास्थ्यकर्मी माझ उपलब्ध गराइएको छ :-

- सडक दुर्घटना र सुरक्षा
- सर्पदंश







## रिक्त विद्यालय स्वास्थ्य नर्स पदपूर्ति

विश्वयस कार्यालय मार्फत प्रदान हुने विद्यालय स्वास्थ्य सेवाको लागी आवश्यक विद्यालय नर्स (स्टाफ नर्स) को दरवन्दी केहि समय देखि रिक्त रहेकोमा २०८२/०९/०८ मा विज्ञापन सम्बन्धी सुचना प्रकाशित गरी २०८२/०९/२४ मा लिखित परिक्षा एवं अन्तरवार्ता पश्चात पदपूर्ति समितिको सिफारिसमा सोहि मितिमा नतिजा प्रकाशित गरी सफल उम्मेदवार लाई नियुक्ति दिई सो रिक्त पदको पदपूर्ति गरिएको छ। विद्यालय स्वास्थ्य कार्यक्रम पर्वत जिल्लामा पशुपति मा.वि. राम्जा, मोदी गा.पा.-७ मा संचालन हुदै आइरहेको छ।



# तनाव व्यवस्थापनमा परिवारको भूमिका

**घरपरिवार तथा समाजको सहयोगले तनावको सामना गर्न ठूलो मद्दत पुग्छ ।**

## परिवारले निम्न कुरामा सहयोग गर्न सक्छ :

- बिना कुनै पूर्वाग्रह, दयाभावका साथ आफ्ना परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं ।
- "तपाईं एक्लो हुनुहुन्न, म तपाईंको साथमा छु, म तपाईंको कुरा बुझ्छु" भन्ने जस्ता समानुभूतिपूर्ण व्यवहार गरौं ।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गरौं ।
- सामाजिक रुपमा सक्रिय रहन सहयोग गरौं ।

**यति प्रयासहरुका बाबजुद पनि तनाव व्यवस्थापनमा कठिनाई भइरहेमा मनोपरामर्शकर्ताको सहयोग लिन वा निःशुल्क हेल्पलाईन १११६६ मा फोन गरी परामर्श सेवा लिन प्रोत्साहित गरौं ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

# तनाव व्यवस्थापनमा परिवारको भूमिका

**घरपरिवार तथा समाजसँगको नियमित सम्पर्क वा कुराकानीले मानसिक स्वास्थ्य सुदृढ बनाउँछ ।**



घरमा परिवारका सदस्यसँग दिनचर्या र अनुभवबारे नियमित कुराकानी गरौं ।



जीवनका स-साना प्रयास वा उपलब्धिहरुमा खुसी मनाऔं ।



साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं ।



चाडपर्व, बिहे, जात्रा, वनभोज जस्ता सामाजिक जमघटमा सहभागी होऔं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

# तनाव व्यवस्थापनमा परिवारको भूमिका

**घरपरिवारको निरन्तर साथ र सहयोगले तनाव कम गर्न सहयोग पुऱ्याउँछ । परिवारका सदस्यहरुलाई स्वस्थ जीवनशैली अपनाउन हौसला प्रदान गरौं ।**



- गहिरो सास फेर्ने अभ्यास गर्ने
- ध्यान वा योग गर्ने
- नियमित व्यायाम गर्ने
- डायरी लेख्ने
- विश्वासिला व्यक्तिसँग खुलेर कुरा गर्ने
- पर्याप्त मात्रामा निन्द्रा पुग्ने गरी सुत्ने
- स्वस्थ र नियमित खाना खाने
- प्रकृतिसँग समय बिताउने
- काम र विश्रामको सन्तुलन राख्ने
- रुचि लाग्ने कामहरू गर्ने
- पानी पर्याप्त मात्रामा पिउने, कफी/चिनी कम खाने



आवश्यक परेमा मनोपरामर्शकर्ताको सहयोग लिन निःशुल्क हटलाइन १११६६ मा कुनै पनि बेला कल गरेर परामर्श सेवा लिनुहोस् ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## तनाव व्यवस्थापन (Coping) भनेको के हो ?

- तनाव व्यवस्थापन (Coping) भन्नाले तनावलाई सामना गर्ने तरिका हो ।
- यसमा तनावपूर्ण परिस्थितिमा पनि आफूलाई शान्त र सन्तुलित राख्न गरिने व्यवहार र उपायहरू पर्छन् ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## तनावको स्वस्थकर व्यवस्थापन (Healthy Coping)

- तनावको स्वस्थकर व्यवस्थापन भन्नाले तनावलाई सकारात्मक र स्वास्थ्यकर तरिकाले सामना गर्ने उपायहरू हुन् ।
- यी उपायहरूले दीर्घकालीन रूपमा मनोवैज्ञानिक र शारीरिक स्वास्थ्यलाई राम्रो बनाउँछन् ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## तनावको अस्वस्थकर व्यवस्थापन (Maladaptive Coping)

- तनावको अस्वस्थकर व्यवस्थापन भन्नाले तनावबाट टाढा भाग्ने वा गलत तरिकाले तनावको सामना गर्ने उपायहरू हुन् ।
- यी उपायहरूले छोटो समयको राहत दिए पनि दीर्घकालीन रूपमा समस्या बढाउँछन् ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## तनाव व्यवस्थापनका अस्वस्थकर अभ्यासहरू:

- मदिरा वा लागूपदार्थको प्रयोग गर्नु
- समस्याबाट भाग्ने वा बेवास्ता गर्नु
- अत्यधिक खाने वा खानै छोड्नु
- अत्यधिक सुत्ने वा निद्रा नलाग्नु
- रिसाउने र तोडफोड गर्नु
- आत्मआलोचना वा दोष लागाउनु
- सामाजिक सन्जाल वा मोबाईलमा अत्यधिक समय बिताउनु
- अत्यधिक काम गर्नु
- जोखिमपूर्ण व्यवहार अपनाउनु
- लामो समयसम्म एक्लै बस्ने वा अलग रहनु

यी उपायहरूले छोटो समयको राहत दिन सक्छन्, तर दीर्घकालीन रूपमा समस्या बढाउँछन् ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

# शीतलहर तथा चिसो मौसममा बालबालिकाको सुरक्षा कसरी गर्ने ?



शीतलहर चलेको बेला तथा चिसो मौसममा बालबालिकामा स्वास्थ्य समस्याहरू झन् धेरै देखिन्छन् । उनीहरूलाई चिसोबाट जोगाउन सुरक्षाका उपायहरू अपनाऔं:




रातको समयमा बालबालिकालाई न्यानो सिरक, कम्बल ओढाऔं ।



बालबालिकालाई घरबाहिर लानु परेमा वा घरबाहिर धेरै समय बिताउनु पर्ने भएमा उनीहरूलाई न्यानो कपडा लगाइदिऔं ।



सुत्ने कोठामा आगो, मकल, कोइला, हिटर बाली झ्याल ढोका बन्द गरेर नसुतौं, र बालबालिकालाई नसुताऔं । कोठामा पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।



घरभित्र राति सुताउँदा बालबालिकाको शरीरका साथै अनिवार्यरूपमा छाती तथा टाउको ढाकिदिऔं ।



बालबालिकालाई प्रशस्त मात्रामा तातो तथा पोषिलो झोल पदार्थहरु खुवाऔं । तातो पानी पिइरहन लगाऔं । आमाको दुध खाने बच्चाहरूलाई नियमितरूपमा स्तनपान गराऔं ।

dhoparbat44@gmail.com hoparbat.gandaki.gov.np 067-420119

## स्थानीय तहहरु को स्वास्थ्य शाखा बाट यस महिनामा सम्पादित मुख्य क्रियाकलापहरु

### कुश्मा नगरपलिका

- सम्पुर्ण स्वास्थ्य संस्था तथा नगरपालिका स्वास्थ्य शाखाको बिचमा मासिक समीक्षा बैठक सम्पन्न गरियो।
- १४ वटै वडाको खोप कार्यक्रमको Geo - enable microplanning सम्पन्न ।
- वडा कार्यालय तथा ठुलीपोखरी आधारभुत अस्पतालको आयोजनमा मुटुरोग सम्बन्धि बिशेषज्ञ स्वास्थ्य शिविर ३७८ जनाको स्वास्थ्य परिक्षण गरीयो ६ जना क्रिटीकल अवस्थाको बिरामी पत्ता लगाएर प्रेषण गरिएको ।
- नगरपालिकाका विभिन्न विद्यालयमा किशोर किशोरीलाई सुरक्षित मातृत्व प्रजनन् स्वास्थ्य परिवार नियोजन र सुरक्षित गर्भपतन तथा महिनावारी मानसिक स्वास्थ्य सम्वन्धि स्वास्थ्य शिक्षा प्रदान गरिएको
- नसर्ने रोगको स्कृनिङ तथा वडा नं १ र २ जेष्ठ नागरिक लक्षित घरदैलो स्वास्थ्य सेवा प्रदान गरिएको ।

### फलेबास नगरपलिका

- नियमित मासिक बैठक तथा प्रगति समिक्षा सहित eHMIS, DHIS, eTB, PAMS लगायतमा छलफल सम्पन्न ।
- ११ वटै वडाको खोप कार्यक्रमको Geo - enable microplanning सम्पन्न ।
- नगरपालिकाका विभिन्न विद्यालयमा किशोर किशोरीलाई सुरक्षित मातृत्व प्रजनन् स्वास्थ्य परिवार नियोजन र सुरक्षित गर्भपतन तथा महिनावारी सम्वन्धि स्वास्थ्य शिक्षा प्रदान गरिएको ।
- नगरपालिकाकामा मनोसामाजिक परामर्शकर्ताको करार सेवामा पदपुर्ति ।
- स्वास्थ्य आमा समुहहरुको नियमित मासिक बैठक सम्पन्न ।

### पैयु गाउँपालिका

- ७ वटै वडाको खोप कार्यक्रमको Geo - enable microplanning सम्पन्न ।
- ७ वटै वडामा अध्यक्ष संग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण शिविर सम्पन्न ।
- गाउँपालिका भित्रका विभिन्न विद्यालयमा किशोर किशोरीलाई सुरक्षित मातृत्व प्रजनन् स्वास्थ्य परिवार नियोजन र सुरक्षित गर्भपतन तथा महिनावारी मानसिक स्वास्थ्य सम्वन्धि स्वास्थ्य शिक्षा प्रदान गरिएको ।
- नियमित मासिक बैठक तथा PAMS v२ सम्बन्धि रिफ्रेसर तालिम सम्पन्न ।
- ५.नियमित RUSG सेवा संचालन।

### मोदी गाउँपालिका

- प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम
- स्वास्थ्य शिबिर संचालन मिति २०८२/०९/१६ गते मोदि गाउँपालिका र हिमाली बालकल्याण संरक्षण मंचको आयोजना तथा १ नम्बर वडा कार्यालयको समन्वयमा भुकताङ्ले स्वास्थ्य चौकीमा स्वास्थ्य चौकी व्यवस्थापन समिती अध्यक्ष तथा वडा अध्यक्ष श्री टेकबहादुर गुरुङ ज्युको अध्यक्षतामा १ दिने नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । जसमा प्रमुख अतिथि प्रदेश अस्पताल पर्वतमा कार्यरत डा. मिलन अवाले हुनुहुन्थ्यो । उक्त शिविरबाट ८३ जनाले प्रत्यक्ष सेवा लिनुभएको छ।

## जलजला गाउँपालिका

- जलजला गा पा अन्तरगतका ६५ जान FCHV को PAN number बनाई विवरण स्वास्थ्य कार्यलयमा विवरण बुझाइयो ।
- जलजला गा पा अन्तरगतका १६ ओटा स्वास्थ्य संस्थालाई फोन सेट र sim वितरण
- नियमित मासिक बैठक तथा प्रगति समिक्षा सहित eHMIS, DHIS, eTB, PAMS लगायतमा छलफल सम्पन्न ।
- आमा सुरक्षा कार्यक्रम र पोषण कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न
- औषधि खरिद तथा वितरण
- Data validation सम्पन्न
- नियमित RUSG, VIA र स्तन क्यान्सरको स्क्रिनिङ कार्यकर्म सम्पन्न
- आधारभूत स्वास्थ्य सेवा र BHSC monitoring framework को अभीमुखिकारण सम्पन्न ।
- नियमित बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न

## बिहादी गाउँपालिका

- नियमित मासिक समिक्षा बैठक तथा प्रगति समिक्षा (eHMIS, DHIS, eTB, PAMS) लगायत सम्पन्न ।
- राष्ट्रिय खोप कार्यक्रमको समिक्षा तथा नियमित खोप सुदृढीकरण र सुक्ष्मयोजना तर्जुमा गोष्ठी कार्यक्रम सम्पन्न ।
- विहादी २, बर्राचौरमा सुनौला हजार दिनका आमाहरुको लागि पोषण तथा बृद्धि अनुगमन सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा २ वर्ष मुनिका बालबालिकाको पोषण स्क्रिनिङ
- विहादी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य कार्यक्रमको नियमित अनुगमन तथा डाटा verification
- समुदाय तथा विद्यालयहरूमा नियमित स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन ।

## महाशिला गाउँपालिका

- नियमित मासिक बैठक तथा प्रगति समिक्षा सहित उत्कृष्ट स्वास्थ्य संस्था सम्मानित।
- ६ वटै वडाको खोप कार्यक्रमको Geo - enable microplanning सम्पन्न ।
- सबै माध्यमिक विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन ।
- गाउँपालिका भित्रका रिक्त दरबन्दी मा विभिन्न कर्मचारी तथा मनोसामाजिक परामर्शकर्ताको करार सेवामा पदपुर्ति ।
- सुत्कबारिय संस्था सरसफाइ कार्यक्रमलाई निरन्तरता।
- संस्थाको फेसबुक पेजबाट हप्तामा ८ वटा स्वास्थ्य सम्बन्धि पोस्ट हरु सार्वजनिक
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता।

